# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७९/०८०
च. न. ४९४

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०६/०४

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस कमल गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म कमल गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी कमल गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दर्ता भइसकेको सबै प्रकारको व्यवसायहरु नियमित रुपमा नविकरण गर्नुपर्ने र PAN मा पनि दर्ता भएको हुनुपर्नेछ। संघीय सरकार तथा कमल गाउँपालिकाको कार्यालयबाट खटिनुभएको अनुगमन टोलिले अनुगमनको क्रममा यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसाय , नविकरण नभएका र PAN मा दर्ता नभएको व्यवसाय लाई आवश्यक कार्बाही गर्न सक्नेछ ।

**नोटः** कमल गाउँपालिकाबाट सूचीकृत भएको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधिको परिधिभित्र रहि वातावरणीय परीक्षण गर्नुपर्ने उद्योग व्यवसायहरुको हकमा भने गाउँपालिकाको कार्यलयबाट मात्र सो सम्बन्धी कार्य हुनेछ।

**व्यवसाय दर्ता गर्न चाहिने आवश्यक कागजात**

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि
(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का
(ङ) व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)
(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो।

२०७९।६।४
राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत